# विश्वविद्यालय अनुदान आयोग

पत्र संख्या: ०७६/७७/०१ मिति: २०७७।०३।०८

च. नं.: १०६२

**विषयः गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बद्ध कार्यहरु अनलाइन पद्धतिबाट संचालन गर्ने सम्बन्धि सूचना ।**

विश्वविद्यालय अनुदान आयोग, उच्च शिक्षा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्बाट सञ्चालित उच्च शैक्षिक संस्थाहरुको संस्थागत गुणस्तर सुनिश्चितता तथा प्रत्यायन कार्यक्रममा सहभागी भइ समकक्षी परीक्षणको चरणमा पुगेका उच्च शैक्षिक संस्थाहरुको संस्थागत गुणस्तर मूल्याङ्कन र प्रत्यायनकृत उच्च शैक्षिक संस्थाहरुको बार्षिक समीक्षा तथा प्रगति अनुगमनका साथै सम्बद्ध अन्य कार्य सम्पादनका सन्दर्भमा विश्वव्यापी महाव्याधीको रुपमा फैलिएको कोभिड-१९ बाट सिर्जित समस्या समेतलाई मध्यनजर गरी उच्च शैक्षिक संस्थाहरुको समकक्षी परीक्षण सहित अन्य सम्बद्ध कार्यहरुलाई व्यवस्थित तथा सुरक्षित तवरले सञ्चालन/सम्पन्न गर्न शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन नियमावली, २०७४ को नियम १८ बमोजिम परिषद्ले "समकक्षी परीक्षण सहित गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बद्ध कार्य सञ्चालनार्थ गुणस्तर सुनिश्चितता तथा प्रत्यायन महाशाखाको प्रोटोकल, २०७७" जारी गरेको छ । यस सम्बन्धमा अर्को निर्णय नभएसम्म प्रोटोकलका निम्न प्रावधानहरु अनुसार कार्य गर्नु/गराउनुहुन सम्पूर्ण उच्च शैक्षिक संस्था, समकक्षी परीक्षण टोली, सरोकारवालाहरु सहित सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

**कोभिड - १९ बाट सिर्जित समस्याबीच संस्थागत प्रत्यायनका लागि उच्च शैक्षिक संस्थाहरुको समकक्षी परीक्षण सहित गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बद्ध कार्य सञ्चालनार्थ महाशाखाको प्रोटोकल, २०७७**

(१) समकक्षी परीक्षण सम्बन्धी कार्यका लागि यथासक्य चाँडै बैज्ञानिक प्रविधिमा आधारित आधिकारिक अनलाइन तथा डिजिटल पद्धतिको स्थापना/अवलम्बन गरिनेछ । यस प्रकारको पद्धति अनुरुप कार्य संचालन गर्नका लागि महाशाखाले परिषद्, प्राविधिक समिति, उच्च शैक्षिक संस्था, बिदेशी विज्ञ सहित समकक्षी परीक्षण टोली र सहजीकरण गर्ने कर्मचारीलाई आवश्यकता अनुसार पहूँच उपलब्ध गराउँनेछ ।

(२) समकक्षी परीक्षणको प्रारम्भिक (तयारी) मूल्याङ्कन (Pre-Assessment), समकक्षी मूल्याङ्कन (Peer Assessment) तथा फलोअप (Follow-up) मूल्याङ्कन भन्दा १५ दिन अगावै महाशाखाले कार्यतालिकाको मस्यौदा तयार गरी समकक्षी परीक्षण टोलीका संयोजकको सहमतिमा सम्बन्धित उच्च शैक्षिक संस्थालाई पठाउनु पर्नेछ ।

(३) कार्यतालिका प्राप्त भएपछि सम्बन्धित उच्च शैक्षिक संस्थाले आफ्नो स्वअध्ययन प्रतिवेदन संस्थाको वेबसाइटमा अपलोड गरी सार्वजनिक सूचना मार्फत उक्त प्रतिवेदनमा सरोकारवालाहरुको राय/सल्लाह तथा सुझावसहितको जानकारी/सम्बद्ध कागजात अधिकतम् १० दिनभित्र इमेलमार्फत qaad@ugcnepal.edu.np मा प्राप्त हुने गरी उपलब्ध गराउन सम्बन्धित सरोकारवालाहरुलाई सूचित गर्नेछ । समकक्षी परीक्षणका समयमा यसरी प्राप्त जानकारी तथा कागजातलाई सन्दर्भ सामग्रीका रुपमा प्रमाणीकरण प्रक्रियामा प्रयोग गरिनेछ ।

सानोठिमी, भक्तपुर, फोन: ६६३८४५८, ६६३८५४९, ६६३८५५०, ६६३८५५१, फ्याक्स: ९७७-१-६६३८५५२, पोष्ट बक्स नं. १०७९६ काठमाडौं, नेपाल
ईमेल: ugc@ugcnepal.edu.np, Website: www.ugcnepal.edu.np

# विश्वविद्यालय अनुदान आयोग

विश्वविद्यालय अनुदान आयोग २०५१ ★ UNIVERSITY GRANTS COMMISSION ★ 1994

पत्र संख्याः ०७६/७७/०२

मितिः २०७७।०३।०८

च. नं.: 1063

**विषयः गुणस्तर सुनिश्चितता .............................**

(४) टोलीका संयोजकले समकक्षी परीक्षण कार्य शुरु हुनुपूर्व परीक्षणमा सहभागी हुने बिदेशी विज्ञसहित टोलीका सबै सदस्यहरुलाई महाशाखा मार्फत स्वअध्ययन प्रतिवेदन उपलब्ध गराइ त्यसको समीक्षा प्रतिवेदन प्राप्त गरिसक्नु पर्नेछ । समकक्षी परीक्षणका समयमा यिनै प्रतिवेदनहरुलाई सन्दर्भ सामग्रीका रुपमा प्रयोग गरिनेछ ।

(५) समकक्षी परीक्षण टोलीसँग हुने हरेक अनलाइन अन्तरक्रियामा संस्थाको प्रकृति तथा आकारका आधारमा संस्थाबाट प्रतिनिधिमूलक रुपमा अधिकतम् १५ जना भन्दा बढी सरोकारवालाहरुलाई सहभागी गराइने छैन । साथै, यसरी कार्य गर्दा अनिवार्य रुपमा COVID-19 Security Protocol (CSP) अनुसरण गरिएको हुनुपर्नेछ ।

(६) समकक्षी परीक्षणको क्रममा टोलीले अवलोकन (Virtual Site Visit and Observation) गर्न आवश्यक ठानेका भौतिक संरचनाहरुको भिडियो तयार गरी सम्बन्धित उच्च शैक्षिक संस्थाले प्रस्तुत/प्रर्दशन गर्नुपर्नेछ । यसका लागि आवश्यक उपकरण तथा अन्य प्रबन्ध समकक्षी परीक्षण पूर्व नै संस्थाले तयार गरी राख्नु पर्नेछ ।

(७) सम्बन्धित उच्च शैक्षिक संस्थाले समकक्षी परीक्षणका लागि डिजीटल माध्यमबाट टोलीलाई उपलब्ध गराएका कागजात तथा सामग्रीहरुको आधिकारिकताको उत्तरदायित्व र जवाफदेहिता सम्बन्धित उच्च शैक्षिक संस्थाकै हुनेछ ।

(८) समकक्षी परीक्षण टोलीले आवश्यक ठानेमा संयोजकको नेतृत्वमा महाशाखाका कर्मचारी सम्मिलित टोलीले समकक्षी परीक्षण प्रतिवेदनलाई अन्तिम स्वरुप दिनु पूर्व सम्बन्धित उच्च शैक्षिक संस्थाको अवलोकन भ्रमण गर्न सक्नेछ । यसरी गरिने भ्रमण बाटोको म्याद बाहेक सामान्यतय : एक कार्य दिन भन्दा बढीको हुने छैन । पेशागत प्राज्ञिक कार्यक्रम (Professional Academic Program) सञ्चालन गरेका उच्च शैक्षिक संस्थाहरुको समकक्षी परीक्षणका सन्दर्भमा स्थलगत भ्रमणमा जानुपर्ने भएमा अध्ययन टोलीमा सम्बन्धित पेशागत परिषद्को प्रतिनिधित्व अनिवार्य गराइनेछ । यसरी भ्रमण गर्नुपर्ने भएमा सडक यातायात र कार्यलयको सवारी साधनको प्रयोगलाई प्राथमिकता दिइनेछ ।

(९) समकक्षी परीक्षण टोलीले अवलोकन भ्रमण आवश्यक ठानेको तर टोलीलाई स्थलगत रुपमा भ्रमणमा जान सक्ने अवस्था नरहेको खण्डमा परिषद्ले सम्बन्धित उच्च शैक्षिक संस्थासँग संस्थागत स्वार्थ नबाझिने गरी योग्य, दक्ष तथा अनुभवी स्थानीय विज्ञको परिचालन गरेर अवलोकन भ्रमण सम्पन्न गराउन सक्नेछ ।

सानोठिमी, भक्तपुर, फोनः ६६३८४५८, ६६३८५४९, ६६३८५५०, ६६३८५५१, फ्याक्सः ९७७-१-६६३८५५२, पोष्ट बक्स नं. १०७९६ काठमाडौं, नेपाल
ईमेलः ugc@ugcnepal.edu.np, Website: www.ugcnepal.edu.np

# विश्वविद्यालय अनुदान आयोग

पत्र संख्याः ०७६/७७/०३
च. नं.: १०६२

मितिः २०७७।०३।०८


**विषयः गुणस्तर सुनिश्चितता ........................**

(१०) समकक्षी परीक्षणको प्रतिवेदनलाई अन्तिम स्वरुप दिनु पूर्व पृष्ठपोषणका लागि उच्च शैक्षिक संस्थालाई मस्यौदा प्रतिवेदन उपलब्ध गराइनेछ । यसरी उपलब्ध प्रतिवेदनमा २४ घण्टाभित्र प्राप्त संस्थागत सुझावहरुलाई आवश्यकता, उपयुक्तता र औचित्यताका आधारमा प्रतिवेदनमा समावेश गरी अन्तिम स्वरुप दिन सकिनेछ ।

(११) प्रतिवेदनको प्रमाणीकरणका लागि विद्युतिय हस्ताक्षर (Scanned Signature) को प्रयोग गरिनेछ ।

(१२) उच्च शैक्षिक संस्थाले समकक्षी परीक्षणको प्रारम्भिक (तयारी) मूल्याङ्कन तथा समकक्षी मूल्याङ्कनका क्रममा दिइएका थप सुधारका सुझावहरु अनुरुप कार्य सम्पन्न गरी त्यसका सुझावहरु अनुरुपको सम्बोधन प्रतिवेदन (Response Report) निर्धारित ढाँचामा तयार गरी आवश्यक प्रमाणका कागजात तथा फोटोहरु समेत समावेश गरेर इमेल मार्फत महाशाखामा पेश गर्नु पर्नेछ । यसरी प्राप्त प्रतिवेदन महाशाखाले समकक्षी परीक्षण टोलीलाई उपलब्ध गराउनु पर्नेछ । अध्ययनका क्रममा टोलीबाट थप सुधारका लागि केही सुझावहरु प्राप्त भएमा पुन : उक्त सुझावहरु महाशाखाले उच्च शैक्षिक संस्थालाई आवश्यक कार्यार्थ उपलब्ध गराउनेछ । उच्च शैक्षिक संस्थाले प्राप्त सुझाव अनुसारको कार्य सम्पन्न गरी सप्रमाण त्यसको प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(१३) समकक्षी परीक्षणका क्रममा दिइएका सुझावहरु अनुरुप गर्नुपर्ने कार्यहरु सम्पन्न भएको कुरा परीक्षण टोलीले प्रमाणित गरेपछि महाशाखाले उक्त प्रतिवेदनहरु परिषद् समक्ष पेश गर्नेछ । उक्त प्रतिवेदनहरुमाथि छलफल गरी आवश्यक निर्णय गर्न परिषद्को अनलाइन बैठक वा आवश्यक देखिएमा CSP अनुसरण गरी सदस्यहरुको भौतिक उप्रस्थितीमा बैठक आयोजना गरिनेछ ।

(१४) उच्च शैक्षिक संस्थाहरुले पेश गरेको स्वअध्ययन प्रतिवेदनको अध्ययन तथा समीक्षा गरी उक्त प्रतिवेदनहरु स्वीकृत गर्न प्राविधिक समितिको अनलाइन बैठक आयोजना गरिनेछ ।

(१५) परिषद्को सिफारिसमा संस्थागत गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणीकरणका लागि आयोगले निर्णय गरे बमोजिम आवश्यक व्यवस्था गरी महाशाखाले सम्बन्धित उच्च शैक्षिक संस्थालाई इमेल र कुरियर सेवा मार्फत प्रत्यायनको प्रमाणपत्र उपलब्ध गराउने छ । यसका लागि महाशाखाले भर्चुअल कार्यक्रम पनि आयोजना गर्न सक्नेछ ।

(१६) प्रत्यायनकृत उच्च शैक्षिक संस्थाहरुको बार्षिक समीक्षा तथा प्रगति अनुगमन (Annual Review and Progress Monitoring) का सन्दर्भमा अनुगमन टोलीले भर्चूअल पद्धतिबाटै आवश्यक अवलोकन, समूहगत छलफल र थप कागजातहरुको अध्ययन/समीक्षा गर्न सक्नेछ । यसका लागि उच्च शैक्षिक संस्थाहरुले माग अनुसारका आवश्यक कागजात/सामग्रीहरु तयार गरी डिजीटल माध्यमबाट उपलब्ध गराउनु पर्नेछ ।

..............................
डा. ऋषिकेश पाण्डे
निर्देशक, QAA महाशाखा


सानोठिमी, भक्तपुर, फोनः ६६३८४५८, ६६३८५४९, ६६३८५५०, ६६३८५५१, फ्याक्सः ९७७-१-६६३८५५२, पोष्ट बक्स नं. १०७९६ काठमाडौं, नेपाल
ईमेलः ugc@ugcnepal.edu.np, Website: www.ugcnepal.edu.np